नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

असार/साउन २०६९ (July 2012) वर्ष १६/अङ्क १८४


## "धापासी विश्रामस्थल पर्खाल र एबेनएजेरको चौतारी"

– पाष्टर विर बहादुर खवास

धापासी समिति र निर्माण विभागको पहिलो संयुक्त बैठक २०६९-१-३ (१५ अप्रिल) ज्ञानेश्वरमा, दोस्रो बैठक २०६९-१-६ (१८ अप्रिल) धापासीमा बस्यो । २०६९-१-१३ (२५ अप्रिल) बाट पर्खालको काम शुरू गरी २०६९-२-२८ (११ जुन) मा पहिलो चरणको काम सिधियो । ५ मे को सूचना पत्रमा व्यक्त गरिएझैं १२ जुनमा मण्डलीको पाष्टर रोबर्ट कार्थक गुरुबाले सबै कुराको निम्ति महान् परमेश्वरको महिमा गर्नु हुँदै सबै स्वयं सेवक/सेविकाहरूलाई धन्यवाद दिनुभयो । यो ईश्वरको दानस्वरूप नेइमलाई जुटाइदिनुभएको ठूलो सम्पत्ति हो, यो साझा सम्पत्तिको मर्मत, संभार निरन्तर रूपमा गरिनुपर्छ । यसको निम्ति सम्पूर्ण नेइम मण्डली परिवारले आफ्नो-आफ्नो जिम्मा पूरा गर्नुपर्छ भनी पाष्टर गुरुबाले आह्वान गर्नुहुँदै, प्रशस्त हौसला थपिदिनुभयो । पाष्टर गुरुबा, पाष्टर डा. राजेन्द्र रोंगोंग गुरुबा र पी.बी. राई दाज्यू तीनै जना ८० वर्ष नाघेकाहरूले जोशसँग ६०० फिट लामो अप्ठ्यारो बाटो हिंडी ६० फिट ठाडो भऱ्याङ्ग (याकूबको सिँढी) उक्लन सफल हुनुभयो । स्वयं सेवक भई सघाउने १०० जनाले उहाँहरूलाई पछ्याए । नेइमका निम्न मण्डलीका स्वयं सेवक-सेविकाहरूलाई गुरुबाले हृदयबाट धन्यवाद दिनुभयो । आफ्ना-आफ्ना स्वयं सेवक-सेविकालाई आफैहरूले खाजा चिया खुवाउनुभयो । स्वयं सेवक-सेविकाबाट बल, जोश, रहर, सीप सबै पायौं । अति रमाइलोका साथ सँगै काम गरियो । परिचय बटुल्ने काम बिर्सन सकिन्दैन नै । गुरुबा अतिरिक्त सम्पूर्ण सहयोग जुटाइदिनुहुनेहरूलाई संयोजकको तर्फबाट पनि हामी कृतज्ञताकासाथ धन्यवाद चढाउँदछौं ।

स्वयं सेवकहरूको जन बल यस प्रकार छ :–

| | | | |
|---|---|---|---|
| ८ मे/२६ वैशाख | जोरपाटी मण्डलीबाट | ९+४ जम्मा | १३ जना |
| १४ मे/१ जेठ | ज्ञानेश्वर मण्डली पूर्वी क्षेत्रबाट | १५+२ जम्मा | १७ जना |
| १५ मे/२ जेठ | ज्ञानेश्वर मण्डली मध्य क्षेत्रबाट | १८ जम्मा | १८ जना |
| १६ मे/३ जेठ | ज्ञानेश्वर मण्डली पश्चिम क्षेत्रबाट | १६+३ जम्मा | १९ जना |
| ४ जुन/२२ जेठ | गोंगबूँ मण्डलीबाट | १३+३ जम्मा | १६ जना |
| २५ अप्रिल देखि ११ जुन/१ वैशाखदेखि २८ जेठ ललितपुर मण्डलीबाट | | | |
| | जम्मा ६ पटक | ६२+१२ जम्मा | ७४ जना |

**जम्मा स्वयं सेवक-सेविका १५७ जना**

**हालसम्म गरिएका कामहरू:**

- नौवटा बाँसको भ्याङमध्ये ६ वटा गोडेर सिध्याइयो । ३ वटाको आधा सकियो ।
- १४ वटा साँधमा ढल्किएका रूख काँटी, गिडेर, एक ठाउँमा जम्मा गरियो ।
- ४०१ फिट लामो नयाँ र पुरानो पर्खाल बनाइयो ।
- २५० फिट पर्खालमा पोल राखी जस्ता फिट गरियो, रंग लगाइयो ।
- ६०० फिट साँधमा ३ फिटदेखि ८ फिटसम्मको गोरेटो बाटो बनाइयो ।
- भवनको करेसा सफा गरी पानी-नालीको निकासा खोलेको
- भवन अघि माटोसम्म पारी -चाक्लो पारेको
- एबेनएजेरको बाँसको चौतारी बनाइयो (२५ जुन २०१२ मा) १ शमूएल ७:१२

**गरिनुपर्ने कामहरू:**

- असार-साउनमा बोट विरूवा रोप्ने । एल्डर दानिएल सापकोटाले जिम्मा लिनुभएको छ। असारे फूल (CREP-MERTLE), सिरिसे फूल र अन्य । पाष्टर डा. आर रोंगोंगले JAPANESE CHEERY को विरूवा उपलब्ध गराउनुहुनेछ । यससम्बन्धी इच्छुक व्यक्तिले एल्डर दानिएल सापकोटासँग सम्पर्क गर्नुहोला ।
- निगालोको बोट रोप्ने जिम्मा भाइ भिमसेन दुलालले लिनुभएको छ । इच्छुक व्यक्तिहरूले उहाँसँग सम्पर्क राख्नुहोला ।
- तीन बाँसका भ्याङको गोडमेलको जिम्मा पाष्टर रोल्याण्ड रोंगोंगको छ । स्वयं सेवकहरूले उहाँसँग सम्पर्क राख्नुहोला ।
- अहिले नयाँ पर्खालभित्र १०२ वटा लाश राख्न सकिन्छ तर जमीन खनेर मिलाउनुपर्छ । यसको निम्ति डीकन जनकलालसँग सम्पर्क गर्नुहोला ।
- साविक अनियन्त्रित जग्गाहरू व्यवस्थित गर्ने रहर र जिम्मा पाष्टर बर्णबास श्रेष्ठले लिनुभएको छ । उहाँसँग यसबारे सम्पर्क राख्नुहोला ।

यसबाहेक धेरै धेरै काम जति हेऱ्यो त्यतिनै देखिन्छ । सल्लाहहरू पनि प्रशस्तै आउँदैछ । यो गर, त्यो गर होइन म, हामी गर्छौं भनौं, अघि सरौं । कामै नगरी हुँदैन भन्ने बानी छोडौं -काम गरौं बरू भएन भने भएन भन्न सिकौं । सबै सल्लाह, दान, पाष्टर एल.पी.न्यौपाने (धापासी समिति उपाध्यक्ष) लाई दिनुहुन अनुरोध गर्दछौं ।

| | |
|---|---|
| – नयाँ र पुरानो पर्खाल सिध्याइएको | ४०१ फिट |
| – पुरानो पर्खाल गेटदेखि खोल्याको मुखसम्म | २१० फिट |
| – तारको र हाल बनाइएको बाँसको बार | २५६ फिट |
| – खोल्या, कुलो, गोरेटो सबै खुल्ला सिमाना | ५५८ फिट |
| – विश्रामस्थलको मोटामोटी परिधीको नाप | १४२५ फिट |

१२ जुन (२८ जेठ) सम्मको

| आम्दानी | |
|---|---|
| १. ज्ञानेश्वर मण्डलीबाट | २,००,००० |
| २. ललितपुर मण्डलीबाट | १,००,००० |
| ३. गोंगबूँ मण्डलीबाट | ५०,००० |
| ४. जोरपाटी मण्डलीबाट | ५०,००० |
| जम्मा | ४,००,००० |

| खर्च | |
|---|---|
| १. ईंटा र ढुङ्गा | १,०८,२०० |
| २. सिमेन्ट | ६३,०४० |
| ३. जस्ता, पाइप | २४,४४६ |
| ४. सप्लाइज विभिन्न | ७,५२५ |
| ५. डकर्मी, ज्यामी ज्याला | १,२१,४६५ |
| ६. यातायात (टान्सपोर्ट) | ५,८८० |
| जम्मा खर्च रू. | ३,३०,५५६ |
| हातमा रहेको रू. | ६९,४४४ |
| जम्मा रू. | ४,००,००० |

**आउँदा कार्यक्रमलाई आयश्रोत:**

१. काटेका रूखका मुडा, बाँस बिक्रीबाट

२. इच्छुक मण्डली सदस्यहरूबाट स्वेच्छा भेटी

३. मण्डलीहरूबाट हाललाई सहयोग नमाग्ने ।

सहकर्मी प्रियहरूले गरेका सबै काममा प्रभुले आशिष दिनुभयो । हामी सफल भएर रमायौं – प्रभु भन्नुहुन्छ, सफलताभन्दा बढी हाम्रो नाउँ स्वर्गमा लेखिएको छ भनेर रमाऊ (लूका १०:२०) ।

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | |
|---|---|---|---|---|---|---|
| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा |
| असार ३० गते<br>जुलाई १४ ता. | पाष्टर<br>सामुएल कार्थक | श्री<br>सरोजमान तामाङ्ग | पाष्टर<br>अशोक मुखिया | श्री<br>दानिएल घले | पाष्टर<br>दफ्तन सादा | डीकन<br>रूद्र राई |
| साउन ६ गते<br>जुलाई २१ ता. | पाष्टर<br>महेश थाँजु | एल्डर<br>पूर्ण सुनुवार | डीकन<br>अर्जुन ढकाल | एल्डर<br>सीता गुरूङ्ग | एल्डर<br>रूबेन श्रेष्ठ | डीकन<br>श्याम कृष्ण रंजित |
| साउन १३ गते<br>जुलाई २८ ता. | पाष्टर<br>अशोक मुखिया | डीकन<br>मान बहादुर मगर | डीकन<br>सिमोन पाठक | पाष्टर<br>रोबर्ट कार्थक | एल्डर<br>श्रीलक्ष्मी सैंजु | डीकन<br>जनक लाल श्रेष्ठ |
| साउन २० गते<br>अगष्ट ४ ता. | पाष्टर सामुएल कार्थक<br>पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा – ज्ञानेश्वर चर्च | | पाष्टर<br>दफ्तन सादा | श्री<br>वीर बहादुर देउला | एल्डर<br>सिमोन खालिङ |

### मिशनरीहरूको लागि प्रार्थना

मण्डलीबाट मिशनेरी भएर जानुभएका श्री जेम्स र श्रीमती सेल्भी नेपाली परिवार (मुम्बई), श्री नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), श्री प्रदिप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने, भारत), पाष्टर अब्राहाम श्रेष्ठ र श्रीमती केट श्रेष्ठ परिवार (बेलायत), श्री लोक गुरूङ्ग र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत) उहाँहरूको सेवकाइ र मण्डलीमा आशिष मागिदिऔं। आगामी दिनहरूमा मण्डलीबाट अझै धेरैजना विभिन्न ठाउँहरूमा मिशनेरी भएर जानको निम्ति बोलावट पाएर आज्ञाकारी हुन सकून् साथै विभिन्न देश, विदेशहरूमा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सेवकाइ पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं।

### जुलाई महिनाको कार्यक्रम

| |
|---|
| **नेइम कार्यकारिणीको बैठक**<br>जुलाई २२ ता. साउन ७ गते बिहान ९:००-३:०० बजेसम्म जोरपाटी चर्चमा |
| साउन १ गते/जुलाई १६ ता. सोमबार बिहान १०:०० बजे महिला उपवास प्रार्थना आ-आफ्नो मण्डलीमा। |

### जानकारी

१. असार ६ गते/जुन २० ता. बुधबार सिन्धुलीको नेइम बोहोरेटार मण्डली भवन अर्पण गरियो साथै सोही मण्डलीका अगुवाहरू दल बहादुर श्रेष्ठ र कुमार श्रेष्ठलाई पाष्टर विर बहादुर खवासद्वारा एल्डर अभिषेक गरियो। उक्त सेवकाइको लागि पाष्टर विर बहादुर खवास, पाष्टर अशोक मुखिया, पाष्टर वर्णवास श्रेष्ठ, पाष्टर प्रेम श्रेष्ठ साथै मण्डलीका अरू गुरुजनहरू पनि जानुभएको थियो।
२. असार ९ गते/जुन २३ ता. शनिबार रसुवा कर्मी डाँडाको नेइम रसुवा संगतिमा पाष्टर एल.पी.न्यौपानेद्वारा श्री विक्रम खाती र श्रीमती मीरा सुनारलाई डीकन/डीकनेस् अभिषेक गरियो। सोही दिन उक्त मण्डलीमा १० जना विश्वासीहरूले समर्पण गर्नुभयो।
३. असार ९ गते/जुन २३ ता. शनिबार नेइम ललितपुर मण्डलीमा २७ विश्वासीहरूले समर्पण गर्नुभयो।
४. असार १० गते/जुन २४ ता. आइतबार नेइम सिर्जनानगर मण्डलीको १० जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो।

## साप्ताहिक सेवा संगतिहरू

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ७:३०, १०:०० र १२:३० बजे<br>बिहान ९:०० बजे र ११:३० बजे<br>बिहान ८:०० बजे र ११:०० बजे<br>बिहान १०:३० बजे | ज्ञानेश्वर<br>ललितपुर<br>गोंगबूँ,<br>जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुरुजुधारा, सिर्जनानगर, रानीपौवा, सुन्दरीजल र साहुगाउँ |
| संयुक्त आराधना सेवा | अंग्रेजी महिनाको पहिलो शनिबार | | ज्ञानेश्वर, नगरकोट, सिर्जनानगर (बिहान ७:३०, १०:०० र १२:३० बजे) |
| | अंग्रेजी महिनाको दोस्रो शनिबार (बिहान १०:३० बजे) | | गोंगबूँ |
| | अंग्रेजी महिनाको तेस्रो शनिबार (बिहान १०:३० बजे) | | जोरपाटी, गाम्छा, सुन्दरीजल, चाँगु |
| | अंग्रेजी महिनाको चौथो शनिबार (बिहान १०:०० बजे) | | ललितपुर, गुरुजुधारा |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एक पटक<br>महिनामा दुई पटक | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर, गोंगबू, गाम्छा, सुन्दरीजल<br>जोरपाटी |
| घरेलु संगति | आइतबार देखि शुक्रबारसम्म साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउहरू | | |

| कार्यक्रम | बार | समय | स्थान | |
|---|---|---|---|---|
| प्रार्थना सभा | आइतबार | बिहान ६:०० बजे | नयाँ बानेश्वर, मीनभवन, कपन | बेलुकी ६:०० बजे लिपिकोट |
| | सोमबार | बिहान ५:०० बजे | गोल्फुटार | |
| | सोमबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, जोरपाटी, नाङ्लेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२, गोंगबूँ, पनौती सिर्जनानगर | |
| | मंगलबार | बिहान ६:०० बजे | धापासी र बौद्ध-बज्रनगर, कमलाक्षी मनहरा पुल (पेप्सीकोला) | |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुरुजुधारा, भैसेपाटी | |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ, ताहाचल | |
| | शुक्रबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, जोरपाटी, गोंगबूँ, कालीमाटी, कमलाक्षी, गाम्छा, सुन्दरीजल र ताहाचल | दिउँसो ३:०० बजे पनौती |

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | गोंगबूँ | रानीपौवा | साहुगाउँ |
| **असार ३० गते जुलाई १४ ता.** | पाष्टर महेश थाँजु | श्री अनुप लामा | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोट | पा. एल.पी. न्यौपाने **संयुक्त सेवा** | डीकनेस् निर्मला ढुङ्गेल | एल्डर धन बहादुर तामाङ्ग |
| **साउन ६ गते जुलाई २१ ता.** | पाष्टर एल. पी. न्यौपान | एल्डर जमान तामाङ्ग | **संयुक्त सेवा-जोरपाटी चर्च** | | डीकन सिमोन पाठक | श्रीमती रीना तामाङ्ग | डीकनेस् आशा तामाङ्ग |
| **साउन १३ गते जुलाई २८ ता.** | पाष्टर एल. पी. न्यौपाने | श्री कृष्ण श्रेष्ठ | श्री लाक्पा लामा | एल्डर पासाङ्ग डेविड शेर्पा | पाष्टर महेश थाँजु | श्री कुमार सेन्चुरी | एल्डर धन बहादुर तामाङ्ग |
| **साउन २० गते अगष्ट ४ ता.** | एल्डर पासाङ्ग डेविड शेर्पा | एल्डर जमान तामाङ्ग | श्री अनुप लामा | श्री राज गुरुङ्ग | सुश्री रञ्जना ढुङ्गेल | **संयुक्त सेवा गोंगबूँ चर्च** | डीकनेस् आशा तामाङ्ग |

## नव दम्पत्ति परिवारलाई हार्दिक बधाई



असार ३ गते/जुन १७ ता. आइतबार नेइम गोंगबूँ मण्डलीको सदस्यहरू श्री प्रशान्त सिंह र सुश्री सम्जना गुरूङ्गको नेइम ज्ञानेश्वर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **प्रशान्त/सम्जना सिंह** लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



असार १७ गते/जुलाई १ ता. आइतबार नेइम जोरपाटी मण्डलीको सदस्यहरू श्री भिम बहादुर खत्री र सुश्री मैयाँ थापा मगरको नेइम जोरपाटी मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **भिम बहादुर/मैयाँ खत्री** लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## प्रार्थनाका विषयहरु

१. देशको उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, राजनैतिक पार्टीहरूलाई देश चलाउनको निम्ति ज्ञान बुद्धि, एकता, मेल मिलाप मागिदिऔं ।

२. नेपालका सुसमाचार पुग्न नसकेका गाउँ, जिल्लाहरूमा र मण्डली स्थापना हुन नसकेका ठाउँहरूमा सुसमाचार पुग्न सकोस् र मण्डली स्थापना भएको होस् ।

३. देशका मण्डलीहरूले आ-आफ्ना ठाउँहरूमा सुसमाचारको काम अझ जोडतोडले गर्न सकून् साथै सुनाएका सुसमाचार बाँडिएका पर्चाद्वारा धेरै मानिसहरूले खीष्ट येशू प्रभुलाई व्यक्तिगत प्रभु अनि मुक्तिदाता भनेर ग्रहण गर्न सकून् ।

४. मण्डलीका सबै गुरुजनहरू साथै व्यवस्थापन समितिमा हुनुभएकाहरूले मण्डलीलाई परमेश्वरको इच्छाअनुसार अगुवाई गर्न, हुर्काउन, बढाउन, डोऱ्याउन साथै व्यवस्थित गर्न परमेश्वरको अनुग्रह र पवित्र आत्माको सहायता मागिदिऔं ।

५. मण्डलीअन्तर्गत भइरहेको सबै सेवा संगति, प्रार्थना सभा, बाइबल अध्ययन, पुरुष, महिला संगति, बाल संगति अनुगमन कक्षा साथै आराधना सेवामा आशिष मागौं ।

६. एक लाख जवान जित्ने दर्शन लिएका मण्डलीका जवानहरूले स्कूल, क्याम्पस साथै काम गर्ने ठाउँहरूमा आ-आफ्नो साथीहरूलाई सुसमाचार सुनाउन सकून् ।

८. मण्डलीको विश्वासीहरूले परमेश्वरको प्रेम र खीष्ट येशू प्रभुमा पाइने सित्तैंको मुक्तिको सुसन्देश ठीक प्रकारले प्रचार गर्न सकून् जसको फलस्वरूप खीष्ट येशू प्रभुमा विश्वास गर्नेहरू मूल्य चुकाउनेहरू पनि हुन सकून् ।

९. अन्धकारको शक्ति, तिनका दुष्टकार्यहरू, योजनाहरू र किल्लाहरूको विरूद्धमा खीष्ट येशूको नाउँमा अधिकारसाथ प्रार्थना गरौं जसको फलस्वरुप गरीबी, चोरी, डकैती, हत्या, अपहरण, चेलीबेटी बेचबिखन आदि जस्ता कुराहरू हटेर गएको होस् ।

१०. मण्डलीका सम्पूर्ण विश्वासीहरू प्रभुसँगको घनिष्ठतामा दिन प्रतिदिन बढ्दै जान सकून् साथै मण्डलीको सेवा संगतिहरूमा सहभागी भई आफै पनि खीष्टमा बनिँदै एकअर्कालाई उत्साह दिँदै र बनाउँदै जान सकून् ।

## हार्दिक बधाई



नेइम गोंगबूँ मण्डलीको सदस्य **श्री डा. आशिष कार्थक**ले मण्डलीको प्रार्थनाअनुरूप बी.पी. मेमोरियल अस्पताल धरानबाट एम.बी.बी.एस.अध्ययन पूरा गर्नुभई असार १० गते/जुलाई ९ ता. शनिबार चिकित्सक (Doctor) दीक्षित हुनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई ज्ञापन गर्दछौं ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार Sunday** | २४ 8<br>नेपालमा रहेका सम्पूर्ण विश्वासीहरू सुसमाचार सुनाउनेहरू मात्र होइन तर जीवनको असल साक्षीद्वारा गवाही दिनेहरू पनि बन्न सकून् ।<br>**३ यूहन्ना १-६** | ३१ 15<br>शाखा/आवद्ध मण्डलीमा रहेका सबै पाष्टर, अगुवा, प्रचारक तथा सबै विश्वासीहरूको प्रभुबाटको सुरक्षा र सेवकाईको लागि प्रार्थना गरौं ।<br>**यशैया ४२:६-७** | ७ 22<br>भारतका मुम्बइ, पुना लगायत अन्य शहरहरूमा बेचिएका नेपाली चेलिबेटीहरूको उद्धारको लागि प्रार्थना गरौं ।<br>**भजनसंग्रह ६८:१९-२०** | १४ 29<br>विभिन्न देशमा रोजगार, अध्ययन र अन्य कामको लागि गएका नेपाली दाजभाइ, दिदीबहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>**२ कोरिन्थी ५:१४-२१** |
| **सोमबार Monday** | २५ 9<br>मण्डलीमा भइरहेको प्रार्थना सभाहरू, अरू समय र ठाउँमा पनि प्रार्थना सभा साथै प्रार्थना गर्नेहरू अझ बढेर गएको होस् ।<br>**यशैया ५६:६-७** | १ साउन 16<br>मण्डलीका सबै विश्वासीहरू परमप्रभु परमेश्वरलाई अझै प्रेम गर्दै र उहाँको अभिप्राय पूरा गर्नेहरू हुँदै जान सकून् ।<br>**भजनसंग्रह १४५:१७-२०** | ८ 23<br>नेपाली इसाई मण्डलीअन्तर्गतका मण्डलीहरू संख्यात्मक वृद्धिको साथै आत्मिकी क्षेत्रमा पनि पाको हुँदै जान सकून् ।<br>**एफिसी ३:१४-२०** | १५ 30<br>परमेश्वरबाटको सबै प्रतिज्ञाहरू मण्डलीले विश्वाससाथ आफ्नो बनाउन सकून् ।<br>**गन्ती २३:१९, २ कोरिन्थी १:२०** |
| **मंगलबार Tuesday** | २६ 10<br>मण्डलीका पूर्णकालिन सेवक/सेविकाहरूको सेवकाइ, परिवार साथै अन्य क्षेत्रमा आशिष मागिदिऔं ।<br>**रोमी १२:१,१२** | २ 17<br>मंगलबार हुने आत्मिकी तथा चंगाई सेवाद्वारा मण्डलीमा जागृति, चंगाई, छुट्कारा, आत्माको नवीकरण, ताजापन, उत्साह, चिन्ह र आश्चर्यकर्म देख्न सकौं ।<br>**यशैया ३५:३-७** | ९ 24<br>ऋण, मुद्दा, रोग साथै अन्य समस्यामा परेकाहरूको समस्या समाधान साथै छुट्कारा र निको हुवाईको लागि प्रार्थना गरौं ।<br>**फिलिप्पी ४:५-७** | १६ 31<br>धुम्रपान, मद्यपान, लागुपदार्थ, दुर्व्यसन र विभिन्न बन्धनमा परेकाहरूको छुट्काराको लागि प्रार्थना गरिदिऔं ।<br>**१ कोरिन्थी २:९** |
| **बुधबार Wednesday** | २७ 11<br>सबै घरेलु संगतिहरूमा एकअर्कालाई सहयोग र उत्साह दिँदै एकआपसको घनिष्ठता अझ बढेर गएको होस् ।<br>**हिब्रू १०:२४-२५** | ३ 18<br>प्रत्येक विश्वासीहरू आफू रहेको ठाउँमा खीष्टको साँचो साक्षीको जीवन जिउनेहरू हुन सकून् ।<br>**१ पत्रुस २:९-१२** | १० 25<br>विभिन्न ठाउँमा शुरू भएको संगति झुण्ड साथै मण्डलीहरूबाट प्रचारिएको सुसमाचारद्वारा धेरै प्रभुको राज्यमा आउन सकून् ।<br>**यूहन्ना १५:१६** | १७ August 1<br>सेवा संगतिदेखि टाढिएका र प्रभुको प्रेम चाखेर फेरि संसारतिर फर्केर गएकाहरू साँचो पश्चात्तापी भएर प्रभुमा फर्कन सकून् ।<br>**लूका १५:११-२४** |
| **बिहीबार Thursday** | २८ 12<br>परिवारका सबै सदस्यहरू परमेश्वरले दिनुभएको शान्ति, मेलमिलाप र समझदारीमा जिउन सकून् ।<br>**१ पत्रुस ३:१-१७** | ४ 19<br>प्रत्येक परिवारमा श्रीमान्/श्रीमती, छोराछोरी र आमा बाबुबीचको सम्बन्ध प्रभुको प्रेममा दिन प्रतिदिन बढ्दै जान सकून् ।<br>**भजनसंग्रह ८४:१-१२** | ११ 26<br>मण्डलीका सबै बालबालिकाहरूले सानै उमेरदेखि प्रभुको आवाज सुनेर भविष्यमा परमेश्वरको महिमाको कामको लागि तयार हुन सकून् ।<br>**१ शमूएल ३:१-४** | १८ 2<br>सबै जवानहरू आफूले पाएको मुक्तिको सुसमाचार सुनाउन अझै बोझ र दर्शनसाथ लागिपर्न सकून् ।<br>**रोमी १०:१४-१७** |
| **शुक्रबार Friday** | २९ 13<br>मण्डलीका विश्वासीहरू कोही पनि रीतिविधिमा मात्र सेवा संगतिमा सहभागी नभई सत्यतामा परमेश्वरको आराधना गर्न तयार भएर आउन सकून् ।<br>**भजनसंग्रह ८४:१-६** | ५ 20<br>प्रत्येक शनिबार आराधना सेवाको साथै अरू सेवा संगतिहरूमा सुनेको वचनअनुसार समर्पित, इमान्दार र आज्ञाकारी हुँदै जान सकौं ।<br>**भजनसंग्रह ७८:१-१८** | १२ 27<br>भोलिको आराधना सेवामा परमेश्वरको इच्छा पूरा भएको होस् । ती सेवा संगतिहद्वारा परमेश्वरलाई नै महिमा मिलेको होस् ।<br>**यशैया ५५:६-१३** | १९ 3<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरू मण्डलीको कार्यक्रम नभएर आत्मिकी रूपमा बढ्दै जाने सेवा संगति हुन सकून् ।<br>**मत्ती ६:१-४** |
| **शनिबार Saturday** | ३० 14<br>हामी सबै किसिमका बोझ र सजिलैसित अल्झाउने पापलाई पन्छाएर धैर्यका साथ हाम्रो दौडलाई पूरा गर्न सकौं ।<br>**हिब्रू १२:१** | ६ 21<br>सरकारी, इसाई संघ-संस्थाहरूमा सेवकाइ गरिराख्नुभएका साथै विभिन्न काम व्यवसाय गर्नेहरू आफ्नो कामप्रति इमान्दार हुन सकून् ।<br>**हितोपदेश ११:१** | १३ 28<br>विभिन्न देशहरूमा पढाइ, काम तथा अन्य कारणले जानु भएका-हरूको लागि सुरक्षा र सबै कुरामा परमेश्वरको आशिष मागिदिऔं ।<br>**भजनसंग्रह १२१:१-८** | २० 4<br>परमेश्वरले देखाउनुभएको योजना पूरा गर्दै जानको लागि पवित्र आत्माको अगुवाई र उपस्थिति मण्डलीसँग सधैं भइरहून् ।<br>**प्रस्थान ३३:१३-१७** |

**कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्वारा धन्यवादसहित तिमीहरूका बिन्ती परमेश्वरमा जाहेर होऊन्, र समझले नै भियाउन नसकिने तिमीहरूका हृदय र तिमीहरूका मनलाई येशूमा रक्षा गर्ने छ ।**

**फिलिप्पी ६:६-७**